# अदुवा खेतीमा देखिएका समस्या र समाधानका उपायहरू

विविध हावापानी र भूगोलका कारण नेपालमा अदुवा उत्पादनको प्रचुर सम्भावना रहेको छ। प्रयाप्त लगानी र उपयुक्त प्रविधिको प्रयोग भएमा उत्पादन तथा उत्पादकत्व वृद्धि गरी निर्यातसमेत गरेर देशमा विदेशी मुद्रा भित्र्याउन सकिन्छ। जसअन्तर्गत नेपालमा अदुवा खेती एक नगदेबालीको रूपमा रहेको र यसको उत्पादनमा सरकारी तथा अन्य तहबाट भएका विभिन्न प्रयासहरूबाट आशातित उत्पादन वृद्धि र प्रवर्द्धन हुन नसकेको सन्दर्भमा कृषक, कृषि उद्यमिहरूका वास्तविक समस्याहरू पहिचान गर्नको लागि यो कार्यक्रम संचालन गरिएको हो। जसका लागि अदुवा उत्पादन भइरहेका र प्रचुर सम्भावना बोकेका जिल्लाहरूलाई प्रतिनिधित्व गर्दै गुल्मी, स्याङजा र पाल्पाका अदुवा उत्पादक कृषक, कृषि उद्यमी कृषि प्राविधिक र अन्य सरोकावाला निकायहरूसँग छलफल एवम अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रमबाट अदुवा खेतीमा निम्न बमोजिमका समस्याहरू पहिचान गरी समस्या समाधानका उपायहरूको बारेमा जानकारी प्राप्त भयो।

**अदुवा खेतीका समस्याहरू**

- आवश्यक मात्रा र गुणस्तरीय बिउ समयमा उपलब्ध नहुनु,
- अदुवा उत्पादन गर्दा प्राविधिक ज्ञानको कमीबाट समयमै रोग कीराको पहिचान हुन नसकी धेरै नोक्सानी ब्यहोर्नु परेको,
- अदुवा बालीमा बीउमा नै बढी लागत लाग्ने र भौगोलिक बिकटताको कारणले बीउ ढुवानीमा बढी खर्च हुने,
- अदुवा प्रशोधनको लागि यस क्षेत्रमा अदुवा प्रशोधन प्लाण्ट नहुनु,
- उत्पादित अदुवाले उचित मूल्य पाउन नसक्नु,
- व्यापारी र अदुवा उत्पादक कृषकहरू बिच बजार भाउ बारे पारदर्शीता नहुनु,
- नेपाली अदुवाले आफ्नो पहिचान वनाउन नसक्नु,
- अदुवा बीउलाई सही भण्डारको व्यवस्थापनमा समस्या भएको।

**अदुवा खेतीमा देखिएका समस्या समाधानका उपायहरू**

- उपयुक्त जातहरू छनौट गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
- भौतिक नोक्सानी (घाउ तथा चोटपटक) वाट वचाउने खालका उपायहरु अवलम्बन गर्ने,
- बाली काट्ने उचित समय र तरिकाको ख्याल गर्ने,
- बाली संरक्षण, सफाई, क्युरिङ्ग, प्याकिङ्ग, ढुवानीमा सावधानी अपनाउने,
- सरकारी, सहकारी तथा नीजि क्षेत्रको पहलमा बजार व्यवस्थापन सहज बनाइनुपर्ने,

- छिमेकी मुलुकहरूमा उत्पादन हुने अदुवाको मूल्यमा फरक हुने भएकोले लगानीमा सरकारी अनुदान बढाउनु पर्ने,
- नेपाली अदुवाको अन्तराष्ट्रिय पहिचानका लागि ब्राण्डिङ्ग अनिवार्य हुनुपर्ने,
- गानो कुहिने रोगको प्रकोप ज्यादा हुने भएकोले यसको रोकथामका लागि कृषकहरूलाई रोग सम्वन्धी जानकारी दिई रोकथामका उपाय सम्वन्धमा उत्पादन क्षेत्रमा गएर अभियान संचालन गर्नुपर्ने,
- महत्वपूर्ण नगदे बाली भएको हुदा न्यूनतम समर्थम मूल्य तोकिनुपर्ने।